नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**

अनुसूची- १
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

# बैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीहरुलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/१६**

बैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारकालागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले "विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६" को अनुसूची-२ अनुसारको आवेदन फारम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति २०८१/१०/०७ गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनुरोध गरिन्छ। आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट : www.moless.gov.np बाट Downloadगर्न सकिनेछ। थप जानकारीका लागि www.moless.gov.np मा हेर्नुहुन वा फोन नं. ०१-४२११६७८ र ९८४३७२५००० मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

तपसिल

| आवश्यक योग्यता | अनुसूची फारम-२ साथ संलग्न गर्नुपर्ने कागजातहरु (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| १. कार्य भिसामाविदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>२. बैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरे को न्यूनतम १ वर्ष पूरा भएको,<br>३. विगत ५ वर्षभित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको। | १. नेपाली नागरिकताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. गत आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७. यस अघि पुरस्कार प्राप्त नगरेको स्वःघोषणा। |

**पुनश्च:** विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवेदन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन गर्न सक्नेछन्।

*अनुसूची -२

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

## <u>विदेशमा काम गरी फर्केका उत्कृष्ट उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन फारम</u>

श्रीमान् सचिवज्यू,

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,

सिंहदरवार, काठमाण्डौ ।

महोदय,

म ............वर्ष ............................... मुलुकमा वैदेशिक रोजगारीमा रही स्वदेश फर्किएको हुँदा मिति २० । । प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. नाम थर:

२. आमाको नाम:

बाबुको नाम:

३. वाजेको नाम:

४. स्थायी ठेगाना:

५. व्यवसाय गरेको ठेगाना:

(नागरिकताको छाँयाप्रति संलग्न गर्नु पर्नेछ)

६. वैदेशिक रोजगारीमा गएको देशको नाम र बसेको अवधि क्रमश:

| | **<u>मुलुकको नाम</u>** | **<u>बसाइ अवधि</u>** |
|---|---|---|
| क. | .................. | ..................... |
| ख. | .................. | ..................... |
| ग. | .................. | ..................... |

७. विदेशमा रहदा गरेको कामको प्रकृति/(विवरण) सिकेको सीप र ज्ञान:

.............................................................................................

* पहिलो संशोधनद्वारा संशोधित ।

८. राहदानी नं:

Departure र Arrival मिति र Visa समेत देखिने गरी (राहदानीको छाँयाप्रति संलग्न गर्नुपर्ने)

९. नेपालमा फर्की शुरु गरेको व्यवसायको नाम:

........................................................................................................................

१०. व्यवसायको दर्ता नं.:

११. व्यवसाय दर्ता गरेको मिति :

(व्यवसाय दर्ता प्रमाणपत्रको छायाँप्रति संलग्न गर्नुपर्ने)

१२. व्यवसायको VAT/PAN नं.:

१३. आवेदक (संचालक) को PAN नं.:

१४. उद्योगको प्रकृति उल्लेख गर्नुहोस । चिनो (v) लगाउनुहोस् ।

(क) कृषि पशुपालन
(ख) उत्पादन सम्बन्धी उद्योग
(ग) प्रशोधन र प्याकिजिङ्ग
(घ) होटल तथा पर्यटन
(ङ) अन्य:(उल्लेख गर्नुहोस्) ...............

१५. व्यवसायमा संलग्न रोजगारी संख्या:

१६. उद्योग/ व्यवसायमा लगानी गरेको पूँजी रकम:

१७. स्थानीय स्रोत साधन उपयोग गरेको भए के के उपयोग भएका छन् सो समेत खुलाउने (स्रोतको परिमाण ) ,...................................................

१८. उद्योग/व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ र प्रविधि:- चिनो (v) लगाउनुहोस् ।

(क) सबै स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने ।
(ख) ५० प्रतिशत वा सो भन्दा बढी स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने।
(ग) ५० प्रतिशत भन्दा कम स्थानीय स्रोत साधन एवं कच्चा पदार्थको प्रयोग हुने ।

१९. यदि निर्यातमूलक उद्योग भए वार्षिक कति रकम बराबरको कुन बस्तु निर्यात हुन्छ खुलाउने (रकम समेत उल्लेख गर्नुहोस् )

(क) निर्यात हुने बस्तुको विवरण: ......................................................

(ख) वार्षिक निर्यात भएको बस्तुको कूल रकम: ................................

(ग) कूल उत्पादित बस्तु मध्ये वार्षिक रुपमा निर्यात हुने बस्तुको प्रतिशत उल्लेख गर्नुहोस: चिनो (v) लगाउने

(१) ६० प्रतिशत भन्दा बढी निर्यात हुने गरेको

(२) ३० देखि ६० प्रतिशतसम्म निर्यात हुने गरेको

(३) ३० प्रतिशत भन्दा कम निर्यात हुने गरेको ।

(विदेशी मुलुकमा निर्यात गरेको प्रमाण पेश गर्नुपर्ने)

२०. सामाजिक दायित्व बहन गरेको भए के कस्तो संस्थालाई कहिले, कसरी र कति रकम बराबरको योगदान गरेको हो नगद वा वस्तुगत खुलाउने (स्थानीय स्तरमा सामाजिक कार्यमा आर्थिक/बस्तुगत सहयोग, जस्तैः विद्यालय, कलेज, क्लब आदिमा आर्थिक योगदान)

..............................................................................................................

(योगदान गरेको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने । यदि वस्तुगत सहयोग गरेको भए कति रकम बराबरको सहयोग गरेको हो सो खुलाउनुपर्ने )

२१. वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन गरेको भए के कस्तो प्रविधि कसरी प्रयोग भएको छ खुलाउने ।

................................................ ...............................................

(वातावरण मैत्री प्रविधि प्रयोग गरेको प्रमाण पेश गर्ने )

२२. उद्यम संचालन भएको स्थान देहायका मध्ये कुन स्थानीय तह अन्तर्गत पर्दछ खुलाउनुहोस् । चिनो (√) लगाउने

(क) गाँउपालिका क्षेत्रभित्र संचालन

(ख) नगरपालिका क्षेत्रभित्र संचालन

(ग) उपमहानगरपालिका/महानगरपालिका क्षेत्रभित्र संचालन

**नोटः आफुले उल्लेख गरेका विषयहरुको आवश्यकतानुसार पुष्टयाइ गर्ने कागजात संलग्न गर्नुपर्नेछ ।**

**निवेदक**

हस्ताक्षर ...........................

नाम थरः

ठेगानाः

मितिः

सम्पर्क फोन नं.:

इमेलः

संस्थाको छापः